# भेरीमालिका
जाजरकोटको पहिलो दैनिक
BHERIMALIKA DAILY दैनिक

सूचना, विज्ञापन, साहित्य, समाचारका साथै विभिन्न रचनात्मक सल्लाह सुझावको लागि सम्झनुहोस् ।
**सम्पर्क** : ०८९-४३०३८३

वर्ष : ५ | अंक : ११७ | पृष्ठ : ४ | आइतबार, २२ माघ, २०७९ | पञ्चमी | SUNDAY FEBRUARY 5, 2023 | मूल्य रू. : ५/-


### कर्णाली प्रदेशसभा

# पाँच वर्षमा ५३ कानुन

**हेमन्त केसी**
**जाजरकोट, २१ माघ ।**

कर्णाली प्रदेशसभामा पाँच वर्षे अवधिमा ५३ वटा कानुन बनाएको छ । शनिबार प्रदेशसभाले मनाएको स्थापना दिवशमा यस्तो जानकारी दिइएको हो ।

प्रदेशसभा सचिवालयका अनुसार ५ वर्षको अवधिमा २ सय १७ पटक बसेको प्रदेशसभा बैठक बसेको छ। बैठकले ५३ वटा विद्येयक बनाएर प्रदेश प्रमुखसामु पठाएको थियो । प्रदेशसभाले पास गरेका सबै विद्येयकहरुलाई प्रदेश प्रमुखले प्रमाणीकरण गरेसँगै कानुनमा परिणत भएका हुन् । त्यस्तै ६ वटा विद्येयक विषयगत समितिमा छलफलका लागि पठाएको छन् । ३ वटा विद्येयक प्रदेशसभामा दर्ता भई टेबुल हुन बाँकी र दुइवटा प्रक्रियामा रहेका छन् ।

कर्णाली प्रदेशसभाले जनसरोकारसँग सम्बन्धी १३ वटा विधेयक र कर्णाली प्रदेश सरकार सञ्चालनसम्बन्धी ४० वटा विधेयक बनाएको हो । पाँच वर्षको अवधिमा ८३ वटा विधेयक दर्ता भएकोमा अध्यादेश ८ वटा, ८ वटा फिर्ता विधेयक र ३ वटा विधेयक निष्क्रिय भएका छन् ।

यसैबीच शनिबार कर्णाली प्रदेशसभाले आफ्नो पाँचौं स्थापना दिवश मनाएको छ । कार्यक्रममा



कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णालीलाई समृद्ध बनाउन सबै दल एकजुट भएर जानुपर्ने बताएका छन् ।स्थापना दिवसको अवसरमा सुर्खेतमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले कसैले पनि जुहारी नखेल्न आग्रहसमेत गरे ।

'हामी कर्णालीलाई समृद्ध बनाउने कुरा गर्छौं । तर, जुहारी खेल्छौं' उनले भने, 'त्यसैले समृद्ध कर्णाली बनाउनका लागि मिलेर लागौं, जुहारी खेलेर हैन् ।' पूर्वमुख्यमन्त्री जीवन शाहीप्रति गर्दै भने 'म कसैसँग जुहारी खेल्ने पक्षमा छैन ।' शर्माभन्दा पहिला सोही कार्यक्रममा शाहीले सम्बोधन गरेका थिए ।

मुख्यमन्त्री शर्माले तर्कलाई बंग्याएर समाज अघि बढ्न नसक्ने पनि बताए । उनले भने, 'दोहोरी खेल्नु छैन, हामी कर्णाली समृद्धिको अभियानमा छौं । एकताका माध्यमबाट अघि बढ्नुपर्छ । सम्भवत राष्ट्रिय मार्ग पनि यही हो । परम्पराको पुच्छर समाएर दौडिने पक्षमा म छैन ।' मुख्यमन्त्री शर्माले संघीयता राम्रोसँग लागू नभएको तर्क गरे । अझ प्रशासनिक संघीयताको स्थिती जर्जर देखिएको समेत उनको भनाइ छ ।

त्यस्तै कांग्रेस संसदीय दलका नेता एवम् वर्तमान मुख्यमन्त्री जीवनबहादुर शाहीले पनि कर्मचारी अभावका कारण कर्णालीको विकास हुन नसकेको बताए । 'कर्मचारी अभावले कर्णालीमा विकास गर्न सकिएन' उनले भने, 'आफै कर्मचारी राखौं भने मुद्धा हालेर रोक्ने गरिन्छ ।' केन्द्र सरकारले कर्मचारी नपठाउँदा कर्णालीमा विकास बजेट खर्च गर्न नसकेको बताए । प्रदेश सरकारले आठबाट ७ वटा मन्त्रालय बनाए पनि कांग्रेसको नजरमा ८ वटै मन्त्रालय कायम रहेको जिकिर गरे । मुख्यमन्त्री शर्मालाई उनले समयको पालना गर्न सुझाव दिए । शाही मुख्यमन्त्री हुँदा हरेक कार्यक्रममा समयमै पुग्ने गरेका थिए । सोही कारण राम्रा कामको अनुसारण गर्न शर्मा नेतृत्वको सरकारले अनुसरण गर्नुपर्ने सुझाव दिएका थिए ।

त्यस्तै कार्यक्रममा एमाले संसदीय दलका नेता यामलाल कँडेलले संघीयतापछि कर्णालीमा प्रदेश सरकार बनेपनि यहाँका नेतृत्वको मानसिकता वडा बनाउने जस्तो भएको टिप्पणी गरेका छन् । कँडेलले वडा बनाउने मानसिकताबाट कर्णालीको समृद्धि सम्भव नभएको बताए ।

स्थापना दिवसको अवसरमा बोल्दै कँडेलले भने, 'कर्णाली बनाउने अभियान हामी सबैको साझा अभियान हो, त्यो अभियानमा सबै एकजुट हुन् आवाश्यक छ ।' कँडेलले दलीय व्यवस्थामा दल जति जनमैत्री बन्न सक्यो उत्तिनै जनताको आकर्षण बढ्ने बताए ।

स्थापना दिवशमा कर्णाली प्रदेश प्रमुख तिलक परियार, मुख्यमन्त्री राजकुमार शर्मा, सभामुख नन्दा गुरुङ, उपसभामुख यशोदा न्यौपाने, प्रदेशका मन्त्रीहरु, निवर्तमान तथा बहालवाला प्रदेशसभा सदस्य लगायतको सहभागी थिए ।

## छेडा–खलंगा खण्डको १२ स्थानमा जेब्राक्रसिङ



**भेरीमालिका संवाददाता**
**जाजरकोट, २१ माघ ।**

जाजरकोटमा पहिलो पटक जेब्राक्रसिङ राखिएको छ । छेडा-खलंगा सडक खण्डको १२ स्थानमा जेब्राक्रसिङ राखिएको हो । दुर्घटना न्यूनिकरण गर्ने उद्देश्यले शनिबारदेखि विभिन्न १२ वटा स्थानमा जेब्राक्रसिङ राखिएको छ ।

छेडा-खलंगा सडक खण्ड सवारी साधनको अत्याधिक चाप हुने खण्ड हो । यही कारण यो सडक खण्डमा दुर्घटनाको धेरै जोखिम छ । बाटो काट्दा दुर्घटना नहोस् भन्नका लागि जेब्रा क्रसिङ राखिएको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सडक डिभिजन कार्यालय चौरजहारीको संयुक्त प्रयासमा जेब्रा क्रसिङ राखिएको हो ।

## ऊर्जा कार्यालय स्थापना गर्दै कर्णाली सरकार

**भेरीमालिका संवाददाता**
**सुर्खेत, २१ माघ ।**

कर्णाली प्रदेश सरकारले जलस्रोत तथा ऊर्जा क्षेत्रको विकासका लागि छुट्टै ऊर्जा कार्यालय स्थापना गर्ने भएको छ ।

कर्णाली प्रदेशका भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोतमन्त्री मङ्गलबहादुर शाहीले जलस्रोतको माध्यमबाट कर्णालीलाई समृद्ध तुल्याउन एउटा छुट्टै ऊर्जा कार्यालय स्थापना गर्न लागिएको जानकारी दिए । उनले सडक गुरुयोजना बनाउन थालिएको समेत जानकारी दिए ।

मन्त्रालयले शनिवार आयोजना गरेको पत्रकार भेटघाटमा उनले पूर्वाधार निर्माणमा कुनै योजना नभएको बताए । (बाँकी ३ पेजमा)


हामीकहाँ विभिन्न कम्पनीका छड, सिमेन्ट, कर्कटपाता, पोलिथिन पाइप, रंग, ग्रीलको सामान, गाडी बनाउने सामान, पिभिसी पाइप, जिआइ पाइप फिटिङ्गहरु लगाएत निर्माण सम्बन्धीका सम्पूर्ण होलसेल तथा सुपथ मूल्यमा पाइन्छ ।






**प्राप्ती सप्लायर्स**
भेरी नगरपालिका-४, शान्तिचौतारा, बसपार्क जाजरकोट
सम्पर्क नम्बर : ९८५७८२२६४८/०८९४३०२२३

## सम्पादकीय

# विकास विरोधीलाई तह लगाऊ

सडक विकासको पहिलो पूर्वाधार हो । गाउँ-ठाउँ सडक सञ्जाल नजोडिएसम्म विकासले गती लिन सक्दैन । तर सडक बनेर पनि मात्रै विकास हुँदैन् । जसका लागि सडकमा नियमित सवारी साधान सञ्चालन हुने वातावरण हुनुपर्दछ । यसका लागि खोला नालामा पुलपुलेसा र कल्भर्ड जस्ता संरचनाहरु चाहिन्छ । ती संरचनाको अभावमा सडकको पूर्ण औचित्य हुँदैन र हुनसक्दैन । यही कारण राज्यले करोडौं बजेट खर्चिएर पक्की पुल, अस्थायी पुल र कल्भर्ड जस्ता संरचनाहरु निर्माण गर्छ । सडकलाई दीगो बनाउन नाला र पर्खाल लगाइन्छ । दुर्भाग्य, यी संरचनाको निर्माण भने सधैं सुस्त हुन्छ । कारण, यस्ता संरचनाहरुमा लाखौं बजेट हुन्छ र सोही बजेटको दुरुपयोग गर्न विकास विरोधीहरु सलबलाउँछन् । विकास बजेट खान पक्लेका कतिपयले शक्तिको दुरुपयोग गर्छन् त कतिपय गुण्डागर्दीको शासन चलाउछन् । नीति, नियम र कानुनको धज्जी उडाउँदै शक्तिको आडमा आयोजना हात पार्छन् । आयोजना हात पारेपछि भने उल्टै राज्यकालाई अबरोध पुऱ्याउँछन् । केहीले कमसल बस्तुको प्रयोग गरेर र त केहीले समयमै काम नगरेर राज्यका क्षति पुऱ्याउँछन् । त्यसको प्रत्येक्ष असर नागरिकलाई पर्दछ ।

यस्तै कथा छ जाजरकोट, डोल्पा र रुकुपश्चिमको सीमानामा पर्ने त्रिवेणी पुलको पनि । त्रिवेणीमा निर्माण प्रक्रिया अगाडि बढेको साढे दुई वर्षदेखि पुल निर्माणको काम अलपत्र छ । भेरी करिडोर अन्तर्गत जगदुल्ला जलविद्युत कम्पनी लिमिटेडले आयोजना स्थलसम्म निर्माण सामग्री लैजान आयोजनाले भेरी नदी माथि पुल निर्माण थालेको थियो । तर ठेकेदारका कारण पुल निर्माण अलपत्र अवस्थामा परेको छ । आयोजनाबाट क्याराभान कन्स्ट्रक्सनले १५ करोडमा पुल निर्माणको ठेक्का लिएको छ । तर क्याराभानले आफूले निर्माणको जिम्मा काम नगरेर पेटी ठेकेदार (रेट्रो ट्रेक कन्स्ट्रक्सन)लाई दिएको छ । १५ करोडमा ठेक्का लिएको क्याराभानले रेट्रोलाई १४ करोड १७ लाखमा पुल निर्माणको ठेक्का बेचेको छ । जसले गर्दा पुल निर्माण कार्य साढे दुई वर्षदेखि अलपत्र परेको हो । यता पेटी ठेकेदार रेट्रोले विभिन्न बाहाना बनाउँदै पुल निर्माण अलपत्र छोडेको छ । समयमै पुल निर्माण नहुँदा तल्लो डोल्पा र जुम्ला जोड्ने सडकका अन्य पुल निर्माणमासमेत बाधा परेको छ । ठेकेदारहरुले विभिन्न बहानामा पुल निर्माणमा ढिलासुस्ती गरेपछि १०६ मेघावाटको जगदुल्ला हाइड्रोपावर निर्माण कार्यसमेतमा समेत प्रभावित हुने देखिएको छ । पुल नबन्दा जाजरकोट-डोल्पा सीधा यातायात सञ्चालन हुन सकेको छैन । पुल नभएकै कारण डोल्पाका नागरिक महंगीको मारमा परेका छन् ।

यसरी एउटा ठेकेदारका कारण राज्य र नागरिकलाई चौतर्फी घाटा भएको छ । ठेकेदारकै कारण रुकुमपश्चिम, जाजरकोट र डोल्पावासीका नागरिकले अनावश्यक दुःख भोग्नु परेको छ । १०६ मेघावाटको जगदुल्ला हाइड्रोपावर समयमै निर्माण नहुने संकेत देखिएको छ । तसर्थ अब तोकिएकै समयभित्र त्रिवेणीमा पुल बनाउन चौतर्फी दबाव बढाऊ । ठेक्का लिएर काम अलपत्र पार्ने ठेकेदारलाई कारबाहीको लागि पहल गर । नागरिक समाज, सांसद, सरकार र जनप्रतिनिधिहरुले पुल निर्माणमा ठेकेदारलाई दवाव देऊ । विकासको बाधक बन्ने ठेकेदारलाई राज्यले नीति र नियममा केटेर कारबाही गर । तर बर्षौंसम्म ठेकेदारले आयोजना वर्षौंसम्म अलपत्र पारिरहने र सरोकारवाल निकाय मुखमा दही जमाएर बस्ने काम नगर । समग्रमा त्रिवेणीमा पुल निर्माणको काम तत्काल अगाडि बढाऊ । विकास विरोधी ठेकेदारहरु र यसको मतियारहरुलाई समयमै तह लगाऊ । ठेकेदार मोटाउन सहयोगी बन्ने सबैलाई कानुनी कठघरामा उभ्याऊ । राज्यको लगानीलाई सही सदुपयोग गर । कुनै पनि बहानामा पुल निर्माणमा ढिलाइ गर्ने काम नगर ।

# रवी लामिछाने पनि कानै चिरेका

**पद र कुर्सीको राजनीतिकै कारण त नेपाली जनता देशका स्थापित राजनीतिक दलमाथि पत्यार गर्न छोडेका छन् । कुनै पनि व्यवस्था वा पद्धति चलाउन न्यूनतम मान्यता हुनैपर्छ । तर यहाँ संस्कार भन्ने शून्य देखियो ।**



रघुनाथ बजगाईं

सुशासन र नैतिकताको राजनीति गर्ने उद्घोषसहित गत मंसिरको निर्वाचनमार्फत उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व पनि शक्ति र सत्ताप्रति आशक्त देखिएको छ ।

नागरिकता विवादमा सर्वोच्च अदालतको फैसलासँगै सांसद, उप-प्रधानमन्त्री तथा गृहमन्त्री, संसदीय दलको नेता र पार्टी सभापति पद गुमाएका रवी लामिछानेले दुई दिनमै सबै पदमा फर्किन खोज्नुलाई उनको पदलोलुपतालाई देखाएको छ ।

प्रतीकात्मक र प्रचारात्मक राजनीतिको बढ्दो प्रयोगको असर राजधानी काठमाडौंसहित देशका शहरी क्षेत्रका जनतामाथि तीव्र रुपमा भएको छ । संघर्ष, त्याग, समर्पण, समाजसेवा र इमान्दारिताको कसीमा एउटा पनि परीक्षा उत्तिर्ण गर्न नसकेको व्यक्तिलाई केवल सामाजिक सञ्जालको लोकप्रियताको आधारमा देवत्वकरण गरिदिनु र स्वीकार गर्नु दूभार्ग्यपूर्ण हो ।

रवी लामिछाने शैलीको राजनीतिले नेपाललाई अकल्पनीय क्षति पुर्याउनेछ । न कुनै राजनीतिक दर्शन, न विचारधारा, न आर्थिक र सामाजिक नीति, केवल सुशासनको दाबी गर्ने र नैतिकताको कुरा गर्ने बित्तिकै कसैमाथि अत्याधिक विश्वास गर्नु हतारो हुनेछ ।

रवि लामिछानेको काँधमा बन्दुक राखेर राष्ट्रपतिको चुनाव जित्ने नेकपा (एमाले)को रणनीति सफल हुने सम्भावना देखिदैन । देशको राजनीतिमा व्याप्त कमी कमजोरी, सुशासनको अभाव, नैतिकताको ह्रास आदिलाई सही अवस्थामा ल्याउन त्याग, समर्पण, बलिदान र निष्ठाको आवश्यकता छ । सत्तामा पुगेर मात्रै सबैथोक ठिक गर्न सकिन्छ भन्ने छैन । रवि लामिछाने पत्रकारको रुपमा पनि कुनै खासै उल्लेखनीय काम गरेनन् । विवादसित त्यहाँ पनि उनको नाता थियो । आफू स्वयम् गलत गर्नेले अरुलाई सुधार्ने कुरा गर्नु तर्कसंगत होइन ।

काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिने बित्तिकै उनले लगातार पार्टीको तीनवटा बैठक गरैं । आफू नेपाली नागरिक नै नरहेको अवस्थामा नेपाली नागरिक सरहको सुविधा लिनु राजनीतिक नैतिकताबिहीन अवस्था थियो । उनी यदि सिद्धान्तनिष्ठ राजनीतिमा विश्वास राख्ने व्यक्ति हुन्थे भने पार्टी महाधिवेशनको आह्वान गर्दथे, न कि पार्टीको केन्द्रीय समितिबाट अध्यक्ष बन्ने थिए । रवि लामिछानेको ठाउँमा कुनै अन्य नेपालीले यसै प्रकृयाबाट नागरिकता लिन खोज्दा जिल्ला प्रशासन कार्यालयका हाकिमको अनेकौं प्रश्नको सामना गर्नु पर्दथ्यो र प्रहरीको सर्जमिन मुचुल्का पनि अनिवार्य हुने थियो । नागरिकता प्रमाण पत्र लिएकै दिन उनले पार्टीको साधारण सदस्य पनि लिए, साधारण सदस्यता र पार्टीको केन्द्रीय सदस्यमा मनोनित भए, साथै सोही दिन पार्टी सभापतिमा छानिए । नेपाली राजनीतिमा यो अनौठो घटना थियो ।

सम्भवत विश्कै राजनीतिक इतिहासमा यो पहिलो घटना होला । यस आधारमा उनको नाम गिनिज बुकको वर्ल्ड रेकर्डमा दर्ता हुन सक्दछ ! आखिर उनको उद्देश्य पनि त रेकर्ड बनाउनु नै हो । उनले एकै पटक दुई देशको राहदानी लिएको प्रहरी अनुसन्धान सकिएको छैन । लामिछाने, अदालतको फैसलाको पूर्ण पाठको समेत प्रतिक्षा गर्न तयार छैनन् ।

नागरिकता लिए लगत्तै उनले राहदानी विभागमा पुगेर राहदानी फिर्ता गरेका हुन् तर राज्यले गर्ने अनुसन्धान पुरा भएको छैन । उनी गृहमन्त्री भएपछि अनुसन्धान रोकिएको थियो । सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठको अध्ययन नै नगरी सरकारले पनि फेरि रविलाई मन्त्री बनाउनु भनेको थप समस्या निम्त्याउनु हो । यो काम भएमा प्रधानमन्त्री नै नैतिकताको घेरामा आउनेछन् ।

एकै दिनमा पार्टीको तीन पटक केन्द्रीय समितिको बैठक बस्नु, पहिलो बैठकमा केन्द्रीय सदस्यमा मनोनयन, दोश्रो बैठकमा सभापति पदमा निर्वाचन र तेस्रो पटकको बैठकको अध्यक्षता नै स्वंम उनले गर्नु रवि लामिछानेमा देखिएको सत्तालोभ र पद लोलुपताको पराकाष्ठा हो ।

उपचुनावमार्फत् विजयी भएर आएका खण्डमा उनले मन्त्री बन्ने कुरा सुहाउँछ पार्टीलाई नै गृह मन्त्रालय चाहिएको रहेछ भन्ने यस पार्टीका १९ जना सांसद छन् । यी मध्ये कसैलाई पनि मन्त्रीका लागि प्रस्ताव गर्दा हुन्छ । उनी गृहमन्त्री नबने देशनै लथालिङ्ग हुन्छ भन्ने छैन ।

दुई दिन अघि राजनीतिमा दिएर फेरि मन्त्रीमा दाबी गर्नु पदलोलुपताको संकेत हो । लामिछाने पुनः मन्त्री बन्ने विषय संविधान र कानुन भन्दा पनि नैतिकताको हो । राजनीतिमा व्प्त कुरिति हटाउन खोज्ने नै यति बढी सत्तालोलुप भएपछि उनीसित परिवर्तन को के अपेक्षा गर्ने ? केवल सत्ता र पदमात्रै राजनीतिको अन्तिम लक्ष्य हुनु हुँदैन, सिद्धान्त र देशको विकास भन्ने उद्देश्य कसैका लागि पनि महत्वपूर्ण रहेन । सस्तो लोकप्रियता र हल्ला वा प्रचारवाजीले निर्देश गरेको समाजमा सिद्धान्त प्रधान हुँदैन ।

सिद्धान्त प्रधान नभएको समाजमा खास दृष्टकोग हुँदैन । खास दृष्टिकोण नभएको समाजमा स्पष्ट नीति र कार्यदिशा हुँदैन । स्पस्ट कार्यदिशा नभएको समाजमा अन्तिम गणतव्यको खाकासहितको कार्ययोजना पनि हुँदैन । यसरी निश्चित दृष्टिकोणद्वारा निर्देशित स्पस्ट कार्यक्रम नभएपछि सम्पूर्ण सामाजिक सत्ताहरु हचुवाको भरमा संचालन हुन्छन् ।

मनोगत भाष्यद्वारा नै राजकीय सत्ताहरु पनि परिचालित हुन पुग्छन् । सस्तो लोकप्रियताको ढोंगनै राजनीतिको अन्तिम अस्त्र बन्न पुग्छ । ढोंगी, प्रचार ढोंगी, श्रम ढोंगी, ढोंगी त्याग, तपस्या अनि नयाँ र अनौठो ढोंगको शैलीमा जनता पनि रमाउन थाल्दछ । ढोंग र वास्तविकताको पहिचान गर्न कठिन हुने गर्दछ ।

रवि लामीछानेले उपप्रधान तथा गृहमन्त्री बनेको १० औं दिन गत पुस २० मा देशभरीका अवैध क्रसर उद्योग बन्द गराउने निर्णय गरे । लगत्तै ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीले अवैध रुपमा संचालित क्रसर उद्योग बन्द गराए । तर उनी गृहमन्त्री हुँदै ती क्रसर उद्योगलाई जस्ताको त्यस्तै चल्न दिने निर्णय भयो ।

ती उद्योग किन बन्द गराइयो र छोटो समयमै किन सञ्चालन अनुमति दिइयो भन्ने प्रश्नको चित्त बुझ्दो जवाफ सरोकारवाला अधिकारीले दिएका छैनन् । राजनीतिमा परिवर्तन ल्याउन खोज्ने नयाँ दलको आचरण पनि पुरानै पाराको देखियो । म्यानपावरका सन्चालकलाई समानुपातिक सांसद बनाउने काम पनि उनलाई अरु भन्दा फरक साबित गर्न सकेन ।

राजनीतक सुधार ल्याउन खोज्ने जो कोही पनि स्वंय सुध्रिएको हुनुपर्छ । आफ्नो जीवनशैलीमा पारदर्शिता, इमान्दारी त्याग र धैर्य नभएको व्यक्तिले समाज र देशमा परिवर्तन ल्याउन सक्दैन । दुई-दुई देशको नागरिकता र पासपोर्ट राख्नु आफैमा गलत कार्य हो । मंसिरमा भएको चुनावमा नेपाली कंग्रेसले उनलाई आफ्नो पार्टीको उम्मेदवार बनाएको भए संम्भवत यो पार्टी नै असतित्वमा आउने थिएन ।

गएको मंसिर१४ गते युग दर्शन साप्ताहिकमा प्रकाशित वामपन्थी नेता मोहनविक्रम सिंहको विज्ञप्तिमा रवि लामिछानेमाथि अमेरिकी साम्राज्यवादी शक्तिको हातको खेलौना भएको र अमेरिकाले आफ्नो मान्छेलाई नेपालको संसदमा पठाउन खोजेको आरोप लगाएका थिए । केही मान्छेले त उनलाई अमेरिकाको कम्युनिष्ट विरोधी ओपेन सोसाइटी र यसका प्रमुख जर्ज सोरससित घनिष्ट सम्बन्ध रहेको पनि आरोप लगाएको छ ।

अमेरीकन फ्रिडम पार्टीको चुनाव चिह्न पनि घण्टी नै भएकोले कतै दुवै पार्टीबीच सम्बन्ध त रहेको छैन भन्ने आरोप पनि लगाइको छ । भनिन्छ, रवि लामीछानेको चुनावमा पनि ब्रान्डिङको काम अमेरिकन सोसाइटीले नै गरेको थियो । भरसक यसैले नै बालेन साहको चुनावको ब्रान्डिङ पनि गरेको थियो ।

देश भरिका इसाईले रार्ष्ट्रय स्वतन्त्र पार्टीको पक्षमा मतदान गर्नलाई पनि कतिपयले इशाई मेसिनरी र रास्वापासित तालमेल त भएको छैन ? भन्ने आशंका पनि गर्ने गरेका छन् । चुनावताका लाग्ने गरेका आरोपको विभिन्न उद्देश्य भए पनि अहिले आएर सरकारमा सहभागी हुनका लागि उनले जुन ब्यग्रता देखाएका छन्, त्यसलाई धेरैले अस्वभाविक मानेका छन् । पद र कुर्सीको राजनीतिकै कारण त नेपाली जनता देशका स्थापित राजनीतिक दलमाथि पत्यार गर्न छोडेका छन् । कुनै पनि व्यवस्था वा पद्धति चलाउन न्यूनतम मान्यता हुनैपर्छ । तर यहाँ संस्कार भन्ने शून्य देखियो । नयाँ राजनीतिक शक्ति पनि पद र कुर्सीकै राजनीतिमा लाग्ने हो भन्ने पुरानो र नयाँमा के अन्तर ? पद र कुर्सीकै राजनीतिका कारण जस्तो सुकै पनि गठबन्धन अर्सतित्वमा आउने र अपेक्षित पद एवम् मन्त्रालय नपाए नयाँ गठबन्धन तिर लाग्ने चरित्रलाई कसरी स्वभाविक मान्न सकिन्छ ? *(खबरहबबाट)*

## आजको भाग्यरेखा

| | | | |
|---|---|---|---|
| मेष | अनावश्यक र दैनिक व्यवहारमा खर्च बढ्न सक्छ, तर सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । | तुला | धार्मिक महत्वको क्षेत्रमा भ्रमण हुनसक्छ । कुनै कुराले मनमा प्रसन्नता छाउनेछ । |
| वृष | अँटिको काममा सफलता नमिल्न सक्छ । प्रेमी तथा प्रेमिकाको भाषा परिवर्तनले मनमा दुबिधा उत्पन्न हुन सक्छ । | वृश्चिक | धर्मकर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम वा रोजगारको अवसर पनि मिल्नेछ । |
| मिथुन | महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । व्यापारबाट सोचेजस्तै लाभ प्राप्ति हुने योग छ । | धनु | आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । |
| कर्कट | नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ । न्यायिक कार्यमा सफलता मिल्ने र बौद्धिकताको विकास हुनेछ । | मकर | परदेशमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । आकस्मिक धनलाभ मिल्नेछ । |
| सिंह | मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | कुम्भ | दौडधुप गर्नु गरेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| कन्या | विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रुपमा सत्कार पाइएला । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । | मीन | आज कतै घुम्न जाने योजना बन्न सक्छ । एकपछि अर्को अवसर आउनाले काम सम्पन्न पनि हुनेछ । |

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

भेरी नगरपालिका : ०८९-४३०००२ ९८५८०७७४७७
छेडागाड नगरपालिका : ९८६८०१९०७०
नलगाड नगरपालिका : ९७४८०१९७१८
शिवालय गाउँपालिका : ९७५८००२३७८
जुनिचाँदे गाउँपालिका : ९७४८०९५६००
बारेकोट गाउँपालिका : ९७५८००३०७८
कुशे गाउँपालिका : ९७५८००३२००
जिल्ला प्रशासन कार्यालय जाजरकोट : ०८९-४३०३३४
जिल्ला प्रहरी कार्यालय जाजरकोट : ०८९-४३०१००
जिल्ला हुलाक कार्यालय : ०८९-४३००८३
नेपाल विद्युत प्राधिकरण : ०८९-४३०३७४
शिक्षा विकास तथा समन्वय इकाइ : ०८९-४३०११६
भेरी ज्ञानोदय क्याम्पस जाजरकोट : ०८९-४३००३६
जाजरकोट कुशे मालिका यातायात प्रा.लि . ९८४८१८८१८२
भेरीगंगा यातायात प्रा.लि. : ९७४८०१४४९९

ताजा समाचार, निष्पक्ष विचारका लागि
नेपाली डिजिटल पत्रिका
नेपालपोष्ट खबर
www.nepalpostkhabar.com
भेरी न.पा.-३, जाजरकोट
सम्पर्क : ९८५८०५००२८

www.hamropailafm.org.np.np
radiopailafm@gmail.com
रेडियो हाम्रा पाइला
८७.९ मेगाहर्ज
मो.नं. : ९८५८०२७३१७

# विद्युत उत्पादन घट्यो

◣भेरीमालिका संवाददाता
काठमाडौँ, २१ माघ ।

हिउँदमा वर्षात नहुँदा गत बर्षको तुलनामा करिब २० प्रतिशत विद्युत उत्पादन घटेको छ। उत्पादन घट्दा विद्युत आपूर्तिमा व्यवस्थापनमा नेपाल विद्युत प्राधिकरणलाई हम्मेहम्मे भएको छ।

त्यही भएर प्राधिकरणले बिहान र साँझको उच्च माग हुने (पिक आवर)मा औद्योगिक क्षेत्रको विजुली कटौती गरेको छ।यो वर्ष हिउँदमा माघ तेस्रो साता बित्दा पनि पानी परेको छैन। हिमाली क्षेत्रमा हिउँ परेको छैन। जसका कारण खोलामा पानी बहाव घटेर गत वर्षभन्दा विद्युत उत्पादन घटेको प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले बताए। उनका अनुसार विद्युत उत्पादन घटेका कारण अहिले व्यवस्थापनमा समस्या भएको छ।



घिसिङका अनुसार गत वर्षको हिउँदमा माथिल्लो तामाकोसी जलविद्युत आयोजना (४५६ मेगावाट) बाट ११० मेगावाटसम्म दैनिक उत्पादन हुने गरेको थियो। यो बर्ष ७५ मेगावाट मात्रै उत्पादन भइरहेको छ।

अघिल्लो बर्षको हिउँदमा माघ लाग्दासम्म दुई/तीन पटकसम्म पानी परेको थियो। जसका कारण खोलामा पानीको बहाव बढ्दा उत्पादन धेरै घटेको थिएन। प्राधिकरणको मात्रै करिब ६०० मेगावाट उत्पादन हुनुपर्नेमा अहिले २०० मेगावाट जति मात्रै छ। घिसिङका अनुसार तुलनात्मक रुपमा १० बर्ष यताकै सुक्खायाममा भएको सबैभन्दा कम उत्पादन हो। 'आइपीपी, प्राधिकरण आफ्नो, सहायक कम्पनी लगायत सबैको उत्पादन हेर्दा औसतमा २० प्रतिशत झरेको छ। खोलामा पानी छैन,' उनले भने,' व्यवस्थापन गर्न कठिन भइरहेको छ।'

नेपालमा अधिकांश जलविद्युत आयोजना नदी प्रवाहमा आधारित (आरओआर) प्रकृतिका छन्। हिउँदमा पानीको सतह घट्ने हुँदा ३० देखि ३५ प्रतिशत मात्रै उत्पादन हुने गरेको छ। नेपालको जडित क्षमता २२ सय मेगावाट पुगेको छ। प्राधिकरणका अनुसार बिहिबार साँझको पिक डिमाण्ड १६३४ मेगावाट छ।

**१ करोड युनिट भारतबाट आयात**


नेपालमा दैनिक ३ करोड युनिट विद्युत खपत हुन्छ। स्थानीय उत्पादनले नपुगेर १ करोड युनिट विद्युत (ब्ल्याक इनर्जी) भारतबाट आयात भइरहेको छ। यो करिब कुल मागको करिब ३३ प्रतिशत हो।

प्राधिकरणको तथ्यांक अनुसार २९६३७ कुल इनर्जी डिमाण्ड रहेको छ। निजी क्षेत्र(आइपीपी) ले ८६५६ मेगावाट आवर, प्राधिकरणले ६२७० मेगावाट आवर, प्राधिकरणको सहायक कम्पनी ३३२८ मेगावाट आवर गरी कुल उत्पादन १८२५४ मेगावाट आन्तरिक उत्पादन छ।

आन्तरिक मागले नधानेका कारण बिहिबार १०३३८ मेगावाट आवर भारतबाट आयात भइरहेको छ। आयात गर्दा पनि नधानेका कारण १०४५ मेगावाट आवर विद्युत अवरुद्ध छ।आन्तरिक मागले नधानेर पुस पहिलो साताबाट प्राधिकरणले आयात सुरु गरेको हो। वैशाखसम्म आयात गर्नुपर्ने अनुमान प्राधिकरणको छ। हिउँदको ५ महिना प्राधिकरणले आयात गर्छ भने बर्खामा निर्यात गर्छ।

प्राधिकरणले पुस ३ गतेसम्म ११ अर्ब १६ करोड रुपैयाँको बिजुली निर्यात गरेको छ। करिब १ अर्ब ३५ करोड युनिट विद्युत निर्यात गरेको छ। निर्यात भन्दा आयात कम हुने प्राधिकरणको प्रक्षेपण छ।हिउँदमा आयात गरेर व्यवस्थापन गर्नुपर्ने भएपनि बर्खामा बचत हुने अवस्था छ। प्राधिकरणको प्रक्षेपण अनुसार आउँदो बर्खामा जडित क्षमता ३००० मेगावाट पुग्दैछ। आन्तरिक माग अधिकतम १७/१८ सय पुग्नेछ। भारतले करिब ४०० मेगावाट निर्यातको अनुमति दिएको छ। यो हिसाबले ८ सय मेगावाटभन्दा बढी खेर जाने अवस्था छ।

# अभियुक्तलाई उन्मुक्ति सह्य हुँदैन



◣भेरीमालिका संवाददाता
काठमाडौँ, २१ माघ ।

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले बलात्कारको अभियोग लागेका सन्दीप लामिछानेलाई राष्ट्रिय क्रिकेट टिममा सहभागी गराउनु गलत भएको बताएका छन् ।

शनिबार सामाजिक सञ्जाल ट्वीटरमा उनले लेखेका छन्, 'बलात्कारको अभियोग वा कुनै पनि अभियोग लागेको ब्यक्तिलाई कुनै पनि खालको उन्मुक्ति दिने कुरा ग्राह्य हुन सक्तैन । सम्बन्धित संस्थाको तत्काल गम्भीर ध्यान जाओस् ।'

लोकप्रिय भएको वा कुनै नाममा उन्मुक्ति दिन नपाइने पनि बताए । 'कोही नेता लोकप्रिय होलान्, कोही कलाकार लोकप्रिय होलान्, कोहि खेलाडी लोकप्रिय होलान्, यो बेग्लै कुरा हो' खड्काले भनेका छन् ।

बलात्कारको अभियोग काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेकै बेला क्रिकेटर सन्दीप लामिछानेलाई नेपाल क्रिकेट संघले नेपाली राष्ट्रिय टिममा फर्काएको छ ।

## ऊर्जा...

"बनेका योजना र बजेट प्रणाली पनि वैज्ञानिक छैनन्," मन्त्री शाहीले भने, "जलस्रोतको प्रचुर सम्भावनालाई समृद्धिमा बदल्न हामी एउटा छुट्टै ऊर्जा कार्यालय पनि खोल्दै छौँ ।"

कर्णाली सातै प्रदेशको तुलनामा समग्र सूचकमा पछि परेको भन्दै उनले समृद्धिको अभियानलाई अगाडि बढाउन वार्षिक १० हजार युवालाई रोजागारी दिने लक्ष्य राखेर कार्यदल गठन गरी अध्ययन सुरु गरिएको जनाए ।

पछिल्लो समयमा कर्णालीमा बजेट कम खर्च हुनुमा प्राविधिक जनशक्ति अभाव, भौगोलिक विकटता र निर्वाचन मुख्य कारण रहेको उनको भनाइ थियो ।

अब प्रदेश निजामती सेवा ऐन प्रदेश सरकारले छिट्टै बनाएर प्रदेश लोकसेवा आयोगबाट कर्मचारीको पदपूर्ति गर्ने योजना राखिएको उनले बताए । भने, "हाम्रो मन्त्रालयमा ७२ कर्मचारीको दरबन्दी रिक्त छ । त्यसका ६० जना प्राविधिक रहेका छन् । कर्णालीमा अभाव भएको जनशक्ति व्यवस्थापन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुरोध गरिएको छ ।"

उनका अनुसार अहिले सबै मन्त्रीहरूको मन्त्रालयको अवस्था अध्ययन गरेर भएका अभाव र समस्यालाई सम्बोधन हुने गरी अगाडि बढ्ने योजना बनाइएको छ ।

उक्त परिचयात्मक कार्यक्रममा सहभागी पत्रकारहरूले सरकारले बनाउने नीति तथा कार्यक्रम, बजेट र योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र सूचनामैत्री सरकार बन्नुपर्ने सुझाव दिएका थिए ।

JKT D.A.O. Office Reg. no. 26/2053 PAN No. : 301657987 SWC AFF No: 6004/054

## पाँचतारा युवा संरक्षक मञ्च

Panch Tara Yuba Samrshak Manch (PTYSM)

केन्द्रीय कार्यालय जाजरकोट

## परामर्शदाता आवश्यकता सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१८*

उपरोक्त सम्बन्धमा वर्ल्डभिजन इन्टरनेशनल नेपाल र पाँचतारा युवा संरक्षक मञ्च (PTYSM) को साझेदारी र भेरी नगरपालिकाको समन्वयमा सञ्चालित Protection Community Engagement & Sponsorship Project (PCESP) अन्तर्गत जाजरकोट जिल्लाको भेरी नगरपालिकामा (वडा न ७, ८, ९, १० र १२) मा प्रत्येक वडामा २ ओटा गरी जम्मा १० ओटा बालविवाह न्यूनीरकण, बालबालिका माथि हुने हिंसा न्यूनीकरण विषयमा सडक नाटक सञ्चालन गर्नुपर्ने भएको हुँदा उक्त कार्य गर्न इच्छुक सेवा प्रदायक व्यक्ति तथा फर्महरुबाट तपशिलका आधारभुत शर्तहरुमा सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र आशय पत्र पेश गर्नहुन आह्वान गरिन्छ।

**आशयपत्रमा संलग्न राख्नु पर्ने कागजातहरू:**

**व्यक्ति भएमा**

१. CV
२. PAN कार्ड
३. शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
४. नागरिकताको प्रतिलिपी
५. अनुभव पत्रको प्रतिलिपी

**फर्म भएमा**

१) संस्था दर्ता र नविकरण गरिएको प्रमाण पत्र
२) नेपाल सरकारवाट व्यवसायिक तालिम संचालनका लागी विवरण सहितको प्रमाण पत्र
३) मूल्य अभिवृद्धि कर तथा आयकरमा दर्ता भएको प्रमाण पत्र
४) कर चुक्ता प्रमाण पत्र
५) संलग्न व्यक्तिको CV

नोट : आसय पत्रको लागि पाँचतारा युवा सँरक्षक मञ्च जाजरकोट कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गर्दछौं।

खरिद समति
पाँचतारा युवा सँरक्षक मञ्च, जाजरकोट

विस्तृत जानकारी तथा आशय पत्र पेश गर्नको लागी सम्पर्क:
**पाँचतारा यूवा संरक्षक मञ्च जाजरकोट**
E-mail: ptysm.procurement@gmail.com
01-6201625/9844925675/9858069802/9848145779

नेपालपोष्ट खबर
नेपाली डिजिटल पत्रिका
तपाईहरुसँग कुनै सूचना जानकारी भए हामीलाई सम्झनुहोस । हामी तपाईको सूचना, जानकारीलाई पत्रकारिताको मापदण्डभित्र रही प्रकाशन गर्नेछौं । साथै हामीलाई राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने सूचना छ भने पनि हामीलाई सिधा सम्पर्क गर्नुहोस्।
थप जानकारीका लागि
भेरीखबर मिडिया प्रालि तथा विज्ञापन एजेन्सी
सम्पर्क नम्बर : ९८५८०५००२८ , ९८१४५०११८०,
bherikhabare@gmail.com
hemantrssjajarkot@gmail.com

## स्वास्थ्य सेवा कार्यालय जाजरकोटद्वारा जनहितमा जारी स्वास्थ्य सन्देश !

हैजाबारे जानौं, बुझौं र सतर्क रहौं । गर्मी तथा वर्षायाम शुरु भएसँगै झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ ।

**पखालाको जोखिममा को बढी पर्दछन् ?**

- स्तनपान नगराई बोतलको दुध खुवाइएका बच्चाहरु कुपोषित बालबालिका दुषित खाना र पानी खाएमा,
- व्यक्तिगत सरसफाईमा ध्यान नदिएमा,
- खोप नपाएका बच्चाहरु ।



**लक्षणहरू**

- पेट दुख्ने,
- बान्ता हुने,
- असाध्यै तिर्खा लाग्ने,
- पातलो दिसा हुने,
- घरैमा उपचार गर्ने पाँच नियम,
- झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने,
- प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक–पटक खान दिने नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने,
- स्वास्थ्यकर्मीले सिफारिश गरे अनुसार जिंक चक्कीको मात्रा नबिराइकन खुवाउने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने र स्वच्छ पानी तथा खाना खाने तलका कुनै पनि लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा लैजाने,
- खान पिउन नसक्ने गरी बिरामी भएमा,
- दिसामा रगत देखा परेमा,
- बारम्बार वान्ता भइरहेमा ,
- ज्यादै तिर्खाएमा,
- ज्वरो आएमा,
- धेरै पटक पातलो दिसा गरेमा,




**पखालाबाट बच्ने उपाय**

- चर्पीमा मात्र दिसापिसाब गर्ने,
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धुने,
- खाना बनाउनु, खुवाउनु र खानु अघि साबुनपानीले मिचिमिची हात धुने,
- पानी उमालेर, फिल्टर गरेर वा एक लिटर पानीमा तीन थोपा क्लोरिन झोल मिलाएर मात्र पिउने,
- बासी, सडेगलेको, झिंगा भन्केको खाने कुरा नखाने,
- खानेपानीको मुहान सफा र सुरक्षित राख्ने ।

**स्वास्थ्य सेवा कार्यालय**
जाजरकोट

९८५८०८१९३९, ९८४८२८१९३९, ९८६८००१३६५
munaskt2072@gmail.com
मुना डिजाइन सेन्टर
वीरेन्द्रनगर-६, गणेशमानमार्ग, सुर्खेत
फ्लेक्स प्रिन्ट
अर्जेन्ट छाप
ID Card
प्रमाणपत्र
अनलाइन फाराम

जाजरकोटमै सबैभन्दा ठुलो साइजको छापाखाना
जाजरकोटमै पहिलोपटक 20x30 साइजको छपाई
✔ किताब ✔ पोष्टर
✔ पर्चा/पम्पलेट ✔ बिल
✔ लेटरप्याड ✔ रसिद
आदि रंगीन तथा सादा छपाईको लागि हामीलाई सम्झनुहोस् ।
भेरीमालिका अफ्सेट प्रेस
भेरी नगरपालिका-३, (नेपाल पत्रकार महासंघको भवन) जाजरकोट । सम्पर्क : ९८६४८१०७५९



# सरकारबारे रास्वपाले लिएन कुनै निर्णय, आज फेरि बैठक

भेरीमालिका संवाददाता

**काठमाडौं, २१ माघ ।**

सरकारमा रहने वा छाड्ने विषयमा निर्णय लिन बसेको राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक आइतबार (आज) पुन: बस्ने गरी सकिएको छ । शनिबार नेताहरुले बोल्ने क्रम नसकिएकाले भोलि फेरि बस्ने गरी बैठक सकिएको संसदीय दलका प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीको बिहीबार बसेको बैठकले पार्टीको मागबारे निर्णय गर्न प्रधानमन्त्रीलाई दुई दिनको समय दिएको थियो । शनिबार उक्त समय सकिएपछि रास्वपाले सरकारमा रहने वा छाड्ने निर्णय गर्ने अपेक्षा गरिएको थियो ।

प्रमुख सचेतक परियारका अनुसार आकस्मिक रुपमा बोलाएको बैठकमा कतिपय नेता सहभागी नभएको र भएकाहरुको पनि बोल्ने क्रम नसकिएकाले आइतबार साढे ११ बजे बस्ने गरी शनिबारको बैठक सकिएको हो । 'आजको बैठकमा उपनिर्वाचन (चितवन २ को) चाँडै हुनुपर्‍यो र हामी कसरी जाने भन्ने विषयमा छलफल भयो, राष्ट्रपति चुनावको विषयमा पनि छलफल भयो, भोलि फेरि साढे ११ बजे बैठक बस्नेछ' उनले भने । आइतबार प्रतिनिधिसभाको बैठक पनि बोलाइएको छ । रास्वपा सांसदहरुले पार्टीको बैठक सकेर संसद बैठकमा सहभागी हुने बताएका छन् ।

रास्वपाले सरकार निर्माणका क्रममा भएको सहमति अनुसार गृह मन्त्रालय आफूलाई दिन माग गरिरहेको छ । तर प्रधानमन्त्री प्रचण्डले गृह मन्त्रालय दिन अस्वीकार गरेका छन् । रास्वपाले गृह मन्त्रालय नदिए सरकारबाट बाहिरिने चेतावनी दिएको थियो ।

तमसोमा ज्योतिर्गमय
Let there be sight
नेपाल नेत्र ज्योति संघ

cbm
Global Disability Inclusion

## VACANCY ANNOUNCEMENT

Established in 1978, Nepal Netra Jyoti Sangh (NNJS) as a non- for- profit organization, has been implementing an Integrated Eye and Ear Health Program (IEEHP) in 10 districts of Karnali Province of Nepal since January 2021 with financial support from CBM Global. The major goal of the program is "Improved Quality of Life of People of Karnali by Reducing Avoidable Causes of Vision and hearing impairment and disability inclusion."

To contribute to achieving the abovementioned goal, NNJS is seeking applications for competent, dynamic and result-oriented Nepalese candidates for the following post:

**Job Title: Community Coordinator**
**No. of positions:** 1
**Duty Station:** Bheri Municipality (Jajarkot)
**Term:** 1 year with the possibility of extension
**Offered salary:** As per the rule of NNJS
**Requirements:** Higher Secondary Level in social sciences. Diploma in Ophthalmic Science/PCL in health sciences/Certificate level in health sciences with minimum of 1 year of working experience in the related field will be preferred.
**Application Submission Process**
Please email your application letter along with your testimonials, updated resumes, and Citizenship and photos to nepalnnjs@gmail.com within 2 weeks from the date of publication. Only shortlisted candidates will be called for the further selection process.

## झाडापखाला, हैजा र डेँगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



**साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**



- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।

साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।

**जुनीचाँदे गाउँपालिका**
मजकोट, जाजरकोट

## विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं ।

- ✔ विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- ✔ विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- ✔ सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं ।
- ✔ विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- ✔ विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## घरैमा उपचार गर्ने ५ नियम

झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने

प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने

नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने

स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नविराइकन खुवाउने




व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने

**शिवालय गाउँपालिका**
सिमा, जाजरकोट

## पखाला लाग्नबाट बच्ने उपाय

- चर्पीमा मात्र दिसा पिसाव गर्ने
- दिसा पिसाव गरिसकेपछि साबुनपानीले मिचिमिची हात धुने
- खाना बनाउनु, खुवाउनु र खानु अघि साबुनपानीले मिचिमिची हात धुने
- पानी उमालेर, फिल्टर गरेर वा एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल मिलाएर मात्रै पिउने
- बासी, सडेगलेको, झिँगा भन्केको खानेकुरा नखाने
- खानेपानीको मुहान सफा र सुरक्षित राख्ने



**कुशे गाउँपालिका**
भार्मा, जाजरकोट

## डेंगी रोग लागेमा निम्न लक्षणहरु देखिन सक्छन् :




**यी लक्षणहरू देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।**

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

**भेरी नगरपालिका**
**नगर स्वास्थ्य शाखा**
खलंगा, जाजरकोट

## व्यक्तिगत स्वच्छताले नै परिवारलाई सुरक्षित राख्न सक्छ ।




**भेरी नगरपालिका**
खलंगा, जाजरकोट

## खोप लगाउन जाँदा कोरोना आउला है साथमा !

खोप केन्द्रमा जाँदा स्वास्थ्य मापदण्ड पालना गरौं



लाइन बस्दा २ मिटर दुरी कायम गर्ने, मास्क लगाउने र केन्द्रमा रहेका कुनै पनि चिजहरु नछोईकन खोप लगाएर घर आउने

आफ्नो पालो आएसँगै सबै नेपालीले खोप पाउने छन्

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

मास्क लगाऔं | भौतिक दूरी कायम गरौं | बेलाबेलामा साबुनपानीले हात धोऔं

**नलगाड नगरपालिका**
दल्ली, जाजरकोट

**भेरीमालिका दैनिक**का लागि **प्रकाशक/सम्पादक** : मान बहादुर खड्का, **कार्यकारी सम्पादक** : रेशम बहादुर खड्का, **व्यवस्थापक** : जय बहादुर बस्नेत, **कार्यालय** : भेरी न.पा.-४, जाजरकोट, **फोन** : ०८९-४३०३८३, ९८६४८१०७५९, **Mail:** bherimalikadaily@gmail .com, **मुद्रण** : भेरीमालिका अफसेट प्रेस, जाजरकोट